स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

༄༅། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །

## गाउँ कार्यपालिकाको कार्यालय

**हेलम्बु, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

सू.नं. :

## स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी सूचना ।।

(मितिः २०८२/०९/०९ गते)

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ (२) तथा दफा ३० को (१) बमोजिम योग्यता पुगेका र सोही ऐनको दफा ३३ बमोजिमको सूचीमा नरहेका/नपरेका यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीहरुको तहवृद्धि गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ। ऐनमा भएको प्रावधान बमोजिम योग्यता पुगेका कर्मचारीहरुले तह वृद्धि आवेदन फारम भरी आवश्यक कागजातहरु सहित सम्वत् २०८२ पौष मसान्तभित्र गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा रीतपूर्वक आवेदन पेश गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश हुन आएका र तोकिए बमोजिम कागजात संलग्न नभएका आवेदन माथि कारवाही नगरिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**(बेनि बहादुर मोक्तान)**
**प्रमुख प्रशासकीय अधिकृत**

**<u>आवश्यक कागजातहरुः-</u>**

- शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि।
- शुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।
- नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- हालको पदमा समायोजन भएको पत्र/हालको पदमा बढुवा/तह वृद्धि भएको पत्रको प्रमाणित प्रतिलिपि।
- पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्याङ्कन फारम।
- तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुगेको खुल्ने कागजातहरु।

(***पुनश्चः*** तह वृद्धि फाराम गाउँपालिकाको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ।)

*"हेलम्बु गाउँपालिकाको अभियान, नमूना गाउँपालिकाको निर्माण"*

***Email: helamburm@gmail.com, info@helambumun.gov.np Website: helambumun.gov.np***